# नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान
# (नास्ट)

# पदाधिकारी, सेवा आयोग अध्यक्ष एवं सदस्यहरुको पारिश्रमिक तथा अन्य सुविधा एवं प्राज्ञ तथा सह-प्राज्ञहरुको सुविधा सम्बन्धी नियमावली २०६६

खुमलटार, ललितपुर, पोष्ट बक्स ३३२३, काठमाण्डौ नेपाल
फोन: ५५४७७१५, ५५४७७२०

# विषय सूची


| विषय | शीर्षक | पृष्ठ |
|---|---|---|
| **परिच्छेद - १** | **प्रारम्भिक** | **३** |
| १ | संक्षिप्त नाम र प्रारम्भ | ३ |
| २ | परिभाषा | ४ |
| **परिच्छेद - २** | **पदाधिकारी, प्राज्ञ तथा सह-प्राज्ञको सुविधा** | **४** |
| ३. | पारिश्रमिक तथा अन्य सुविधा | ४ |
| ४. | पदाधिकारी, प्राज्ञ र सह-प्राज्ञहरुको दैनिक तथा भ्रमण भत्ता | ५ |
| ५ | औषधि उपचार खर्च | ८ |
| ६ | बीमा खर्च | ८ |
| ७ | पेश्की | ९ |
| ८ | बिदा | ९ |
| ९. | बिदा दिने अधिकारी | ११ |
| १०. | इच्छाएको व्यक्तिले पाउने | ११ |
| ११. | प्राज्ञ तथा सह-प्राज्ञको अन्य सुविधा | ११ |
| **परिच्छेद - ३** | **सेवा आयोगका अध्यक्ष तथा सदस्यको सुविधा** | **१२** |
| १२. | सेवा आयोगका अध्यक्ष तथा सदस्यको सुविधा देहाय बमोजिम हुनेछः | १२ |
| | १. पारिश्रमिक तथा अन्य सुबिधा | १२ |
| | २. दैनिक तथा भ्रमण भत्ता | १२ |
| **परिच्छेद - ४** | **विविध** | **१४** |
| १३. | खारेजी र बचाऊ | १४ |
| **अनुसूचीहरु** | | **१५** |

# नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान पदाधिकारी, सेवा आयोग अध्यक्ष एवं सदस्यहरुको पारिश्रमिक तथा अन्य सुविधा, एवं प्राज्ञ तथा सह-प्राज्ञहरुको सुविधा सम्बन्धी नियमावली २०६६

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान ऐन, २०४८ को दफा ३१ (१) ले दिएको अधिकार प्रयोग गरी प्राज्ञ सभाले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यी नियमहरुको नाम **"नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान पदाधिकारी, सेवा आयोग अध्यक्ष एवं सदस्यहरुको पारिश्रमिक तथा अन्य सुविधा, एवं प्राज्ञ तथा सह-प्राज्ञहरुको सुविधा सम्बन्धी नियमावली, २०६६"** रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

(क) "ऐन" भन्नाले नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान ऐन, २०४८ सम्झनु पर्छ ।

(ख) "पदाधिकारी" भन्नाले नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानको उप-कुलपति तथा सचिव सम्झनु पर्छ ।

(ग) "प्राज्ञ सभा सदस्य" भन्नाले ऐनको दफा १२ बमोजिमको प्राज्ञ सभा सदस्य सम्झनु पर्छ ।

(घ) "व्यवस्थापन परिषद" भन्नाले ऐनको दफा १५ बमोजिम गठन भएको प्रज्ञा-प्रतिष्ठानको कार्यकारी नियकायका रुपमा रहने व्यवस्थापन परिषद् सम्झनु पर्छ ।

(ङ) "सेवा आयोगका अध्यक्ष एवं सदस्य" भन्नाले ऐनको दफा १८ बमोजिम गठन भएको सेवा आयोगको अध्यक्ष एवं सदस्य सम्झनु पर्छ ।

(च) "प्राज्ञ" भन्नाले ऐनका दफा १० बमोजिमका प्राज्ञहरु सम्झनु पर्छ ।

(च) "सह-प्राज्ञ" भन्नाले ऐनको दफा १० (क) बमोजिमका सह-प्राज्ञहरु सम्झनु पर्छ ।

# परिच्छेद - २
# पदाधिकारीको पारिश्रमिक तथा अन्य सुविधा, प्राज्ञ तथा सह-प्राज्ञको सुविधा

**३. पदाधिकारीको पारिश्रमिक तथा अन्य सुविधा :**

(१) पदाधिकारीले अनुसूची-१ मा उल्लेख गरिए बमोजिमको पारिश्रमिक तथा अन्य सुबिधा पाउनेछ ।

(२) पदावधि समाप्त नहुँदै कुनै पदाधिकारीको मृत्यु भई वा निजले राजिनामा दिई वा अन्य कुनै कारणले आफ्नो पदमा कायम नरहेमा त्यस्तो पदाधिकारीलाई आफ्नो पदमा कायम रहेको दिनसम्म पाउने पारिश्रमिकको अतिरिक्त एक महिनाको थप पारिश्रमिक दिइनेछ ।

तर कुनै अभियोग लागि पदबाट हटाइएको अवस्थामा थप पारिश्रमिकको सुविधा दिइने छैन ।

(३) पदाधिकारीको मासिक पारिश्रमिकबाट सयकडादशका दरले संचयकोष कट्टा गरी सो कट्टा भएको रकममा प्रज्ञा-प्रतिष्ठानद्वारा शत प्रतिशत थप गरी संचयकोषमा जम्मा गरिनेछ ।

(४) काठमाण्डौं उपत्यकामा स्थायी बासस्थान नभएका पदाधिकारीलाई आवासको निमित्त अनुसूची-१ मा उल्लेख गरिए बमोजिम मासिक रकम आवास सुविधा वापत दिइनेछ । यस नियम बमोजिम पाउने सुविधा निजको पदावधि समाप्त भएको मितिले (पन्ध्र दिनसम्म) लिन पाउनेछ ।

(५) उप-नियम (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि काठमाण्डौ उपत्यकामा आफ्नो वा सगोल परिवारको नाममा घर भएका पदाधिकारीले घर भाडा पाउने छैन । तर त्यस्तो पदाधिकारीले घर मर्मत सम्भार वापत मासिक रु. २,०००/- ( दुई हजार) पाउनेछ ।

(६) पदाधिकारीलाई सवारीको निमित्त चालक सहितको मोटरको सुविधा दिइनेछ । यसरी उपलब्ध गराईको सवारीको निमित्त आवश्यक पर्ने इन्धन परिषद्वाट निर्धारण गरे बमोजिम दिइनेछ ।

(७) पदाधिकारीले प्रत्येक वर्ष निजले खाईपाई आएको एक महिनाको पारिश्रमिक बराबरको रकम चाडपर्व खर्च वापत पाउनेछ ।

(८) कुनै पदाधिकारी पदमा बहाल छँदै मृत्यु भएमा निजको आश्रित परिवारको सदस्यलाई रु. २०,०००/- (बीस हजार) र निजसँग आश्रित परिवारको कुनै सदस्यको मृत्यु भएमा रु. १०,०००/- (दस हजार) अन्तेष्ठि खर्च दिइनेछ ।

(९) विवाहित महिला पदाधिकारीको बाबु आमाको मृत्यु हुँदा क्रिया बस्ने दाजु/भाई नभई आफै क्रिया बस्नु पर्ने भएमा निजलाई उपनियम (८) अनुसारको अन्तेष्टी खर्च दिइनेछ ।

**स्पष्टिकरण**: यस नियमको प्रयोजनका लागि आश्रित परिवार भन्नाले सम्बन्धित पदाधिकारीको सगोलको श्रीमान, श्रीमती, बाबु, आमा र छोरा छोरीलाई जनाउनेछ । विवाहित महिला पदाधिकारीको हकमा निजको श्रीमान, छोरा, छोरी र सासु ससुरालाई जनाउनेछ ।

४. **पदाधिकारी, प्राज्ञ र सह-प्राज्ञको दैनिक तथा भ्रमण भत्ता :**

(१) प्रज्ञा-प्रतिष्ठानको कार्यको सिलसिलामा नेपाल भित्र भ्रमण गर्दा पदाधिकारी र प्राज्ञ/सह-प्राज्ञलाई देहाय बमोजिमको दैनिक भ्रमण भत्ता एवं खर्च दिइनेछ ।

(क) दैनिक भत्ता : अनुसूची - १ मा उल्लेख गरिए अनुसारको दैनिक भत्ता तथा होटलबास खर्च ।

(ख) भ्रमण भत्ता :

[१](अ) पैदल भ्रमण गर्दा अनुसूची-१ मा उल्लेख गरिए बमोजिमको खर्च भरिया खर्च प्रदान गरिने छ । तर प्रज्ञा-प्रतिष्ठानको श्रोतबाट सम्पूर्ण खर्च व्यहोर्ने गरी वा आयोजक संस्थाको तर्फबाट खर्च व्यहोर्ने गरी विदेश काज भ्रमणमा जाँदा निर्दिष्ट स्थानमा पुगेको दिनदेखि फर्कदा त्यो स्थान छोडेको दिनसम्म दैनिक भत्ता र बाटोको हकमा प्रस्थान गरेको एक दिनको पुरा र फर्कदा एक दिन अघिको दैनिक भत्ताको आधा प्रदान गरिने छ ।

(आ) प्रज्ञा-प्रतिष्ठानको मोटरबाट भ्रमण गर्दा बील बमोजिमको इन्धन खर्च ।

(इ) रेलबाट भ्रमण गर्दा बातानुकूलता व्यवस्था भएको ठाउँमा वातानुकुलितको र सो नभएकोमा प्रथम श्रेणीको टिकट खर्च र वर्थ रिजर्भ गरेकोमा सो वापत लागेको खर्च ।

(ई) हवाईजहाजबाट भ्रमण गर्दा लाग्ने इकोनोमि तहको टिकट खर्च ।

(उ) अन्य सवारी साधनबाट भ्रमण गर्दा लागेको खर्च ।

(ग) फुटकर खर्च : फुटकर खर्च वापत प्रत्येक भ्रमणको लागि उपकुलपतिलाई रु. ५,०००/-, प्राज्ञ तथा सचिवलाई रु. ४,०००/- र सह-प्राज्ञलाई रु. ३,०००/- एकमुष्ट दिइनेछ ।

[१] प्रथम संशोधनबाट संशोधित

(२) पदाधिकारी तथा प्राज्ञ र सह-प्राज्ञलाई प्रज्ञा-प्रतिष्ठानको काममा वा विभिन्न वैज्ञानिक सम्मेलन गोष्ठी आदिमा भाग लिन विदेश भ्रमण गर्दा देहाय बमोजिमको दैनिक तथा भ्रमण भत्ता एवं खर्च दिइनेछ ।

(क) दैनिक भत्ता : अनुसूची-२ मा उल्लेख गरिए बमोजिमको दैनिक भत्ता ।

तर,

(अ) उप-नियम (२) बमोजिम सम्मेलन, गोष्ठीमा जाँदा कुनै मित्रराष्ट्र वा अन्तर्राष्ट्रिय संस्थाकै तर्फबाट खाना बस्नको प्रबन्ध भै खर्चको रुपमा कुनै रकम दिने व्यवस्था नभएमा त्यस्तो पदाधिकारी र प्राज्ञ तथा सह-प्राज्ञलाई दैनिक ३५ अमेरिकी डलर पकेट खर्चको रुपमा १५ दिन अवधि सम्मलाई दिइनेछ । तर वस्ने मात्र व्यवस्था भई खाना तथा पकेट खर्च नपाउने भएमा दैनिक भत्ताको ४०% रकम प्रदान गरिनेछ ।

(आ) कुनै मित्रराष्ट्र वा अन्तर्राष्ट्रिय संस्थाबाट खान बस्न आदिको लागि रकम नै दिने भएमा उपखण्ड (अ) बमोजिम पाकेट खर्च दिइने छैन।

(इ) उपखण्ड (आ) बमोजिम पाउने रकम यो नियम बमोजिम पाउने दैनिक भत्ता भन्दा कम हुने भएमा त्यसरी कम भए जति रकम दैनिक भत्ताको रुपमा दिइनेछ ।

(ख) भ्रमण भत्ता :

(अ) मोटरबाट भ्रमण गर्दा बील वा टिकट बमोजिमको मोटर भाडाको रकम ।

(आ) रेलबाट भ्रमण गर्दा वातानुकुलित व्यवस्था भएको ठाउँमा वातानुकुलितको र सो नभएकोमा प्रथम श्रेणीको टिकट खर्च र वर्थ रिजर्भ गरेकोमा सो वापत लागेको खर्च ।

(इ) हवाईजहाजबाट भ्रमण गर्दा लाग्ने इकोनोमी तहको टिकट खर्च ।

(ई) अन्य सवारी साधनबाट भ्रमण गर्दा लागेको बील वा टिकट बमोजिमको खर्च ।

(ग) भैपरि आउने खर्च : हवाई उडान कर, राहदानी, भीसा वापत लाग्ने रकमको अतिरिक्त अन्य भैपरि आउने खर्च वापत प्रत्येक पटक रु. ६,०००/- (छ हजार रुपैया) एकमुष्ट दिइनेछ ।

(घ) आतिथ्य खर्च : विदेश भ्रमण गर्दा प्रत्येक पटक उपकुलपतिलाई निजले पाउने एक दिनको दैनिक भत्ता बराबरको रकम आतिथ्य खर्च वापत दिइनेछ ।

ड०) <u>नेता भत्ता</u> : प्रतिनिधि मण्डलको नेताको रुपमा विदेश जाँदा पदाधिकारी एवं प्राज्ञ तथा सह-प्राज्ञलाई निजले पाउने दैनिक भत्ताको पच्चिस प्रतिशत रकम नेता भत्ता वापत थप दिइनेछ ।

(च) <u>लुगा भत्ता</u> : प्रज्ञा-प्रतिष्ठानको काममा वा नेपालको प्रतिनिधित्व गरी विभिन्न समारोह, उत्सव, सम्मेलन आदिमा भागलिन नेपाल बाहिर जाँदा पदाधिकारीलाई अनुसूची-१ मा तोकिए बमोजिमको दरले लुगा भत्ता दिइनेछ ।

## ५. <u>औषधि उपचार खर्च</u> :

(१) पदाधिकारीलाई प्रत्येक आर्थिक वर्षको अन्त्यमा निजले प्रज्ञा-प्रतिष्ठानबाट खाईपाई आएको एक महिनाको पारिश्रमिक बराबरको रकम औषधि उपचार खर्च वापत प्रदान गरिनेछ ।

(२) पदाधिकारीको पदावधि समाप्त नहुँदै निजको मृत्यु भई वा निजले राजिनामा दिई वा अन्य कुनै कारणले आफ्नो पदमा कायम नरहेमा निजलाई सेवाबाट अलग हुँदा उपनियम (१) बमोजिम पाउने रकम मध्येवाट दामासाहीको हिसाव गरी दिइनेछ ।

(३) पदीय कामको सिलसिलामा चोटपटक लाग्न गई घाइते भएमा वा अचानक विरामी भएमा पदाधिकारीको उपचार गर्न वा नेपाल भित्र औषधि उपचार हुन नसक्ने भनि विशेषज्ञ चिकित्सकहरुले सिफारिश गरी पदाधिकारी विदेशमा गई उपचार गराउन चाहेमा उपनियम (१) बमोजिम पाउने उपचार खर्चको अतिरिक्त व्यवस्थापन परिषद्ले उचित ठहऱ्याएको थप आर्थिक सहायता दिन सक्नेछ । यसरी व्यवस्थापन परिषद्ले थप आर्थिक सहायता रकम दिएको कुरा त्यसपछि लगत्तै बसेको प्राज्ञसभालाई जानकारी गराउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको उपचार खर्च पाउने पदाधिकारीले त्यस्तो खर्च पेश्कीको रुपमा लिन चाहेमा र त्यसको कारण मनासिव देखिएमा पछि हिसाव बुझाउने गरी पेश्की दिन सकिनेछ र त्यसरी पेश्की लिएको रकम पछि हिसाव गर्दा उपचारमा लागेको रकम भन्दा बढी हुन आएमा बढी भए जति रकम निजले फिर्ता गर्नु पर्नेछ । फिर्ता नगरेमा निजको पारिश्रमिकवाट कट्टी गरिनेछ ।

तर त्यसरी कट्टी गर्नु पर्ने रकम भुक्तानी नहुँदै पदाधिकारीको मृत्यु भएमा कट्टी गर्न बाँकी रहेको रकम मिन्हा हुनेछ ।

(५) कुनै पनि पदाधिकारी वा प्राज्ञ प्रज्ञा-प्रतिष्ठानको तर्फवाट विदेश भ्रमणमा जाँदा भ्रमण अवधि भरको लागि औषधोपचार बीमा गराउँदा बढीमा यू.एस.डलर ५०/- सम्मको प्रिमियम दस्तुर प्रज्ञा-प्रतिष्ठानले व्यहोर्नेछ ।

६. **बीमा खर्च :**

(१) पदाधिकारीले पाँच लाख रुपैया बराबरको व्यक्तिगत दूर्घटना बीमाको सुविधा पाउनेछ । उक्त बीमा गराउन लाग्ने प्रिमियम दस्तुर प्रज्ञा-प्रतिष्ठानले व्यहोर्ने छ ।

(२) प्रज्ञा-प्रतिष्ठानको तर्फवाट स्वदेश अथवा विदेशमा भ्रमणमा जाने पदाधिकारी, प्राज्ञ र सह-प्राज्ञलाई भ्रमण अवधिभरसम्मको लागि पाँच लाख रुपैया बराबरको व्यक्तिगत दूर्घटना बीमा गर्न चाहिने प्रिमियम खर्च दिइनेछ ।

७. **पेश्की :**

(१) पदाधिकारीले यस नियमावली बमोजिम पाउने पारिश्रमिक पेश्कीको रुपमा माग गरेमा सोही आर्थिक वर्षभित्र फछ्र्यौट गर्ने गरी बढीमा तीन महिनासम्मको पेश्की दिन सकिनेछ ।

(२) उपनियम (१) बमोजिम दिइएको पेश्की रकम पदाधिकारीले पाउने मासिक पारिश्रमिकबाट कट्टा गरी फछ्र्यौट गरिनेछ ।

(३) यस नियम बमोजिम पेश्की लिने पदाधिकारी कुनै कारणले आफ्नो पदमा कायम नरहेमा निजसंग लिन बाँकी रहेको रकम प्रचलित कानून बमोजिम असुल उपर गरिनेछ ।

तर पारिश्रमिक पेश्की लिने पदाधिकारीको पेश्की फछ्र्यौट हुनु अगावै मृत्यु भएमा निजसंग लिन बाँकी रहेको रकम मिन्हा हुनेछ ।

(४) पदाधिकारी, प्राज्ञ वा सह-प्राज्ञले नेपाल भित्र वा बाहिर काज वा भ्रमणमा जाँदा लिएको पेश्की रकम काज वा भ्रमणबाट फर्केको मितिले ३० दिन भित्र फछ्र्यौट गर्नु पर्नेछ । सो म्याद भित्र पेश्की फछ्र्यौट नगरेमा फिर्ता गर्नु पर्ने रकम र सो रकमको १० प्रतिशतको दरले व्याज सहित असूल उपर गरिनेछ ।

८. **बिदा :**

पदाधिकारीहरुले देहाय बमोजिमका बिदाहरु पाउने छन् :

**(क) भैपरि आउने र पर्व बिदा :**

(१) पदाधिकारीले प्रत्येक वर्ष ६ दिन भैपरि आउने बिदा र ६ दिन पर्व विदा पाउने छन्

(२) भैपरि आउने बिदा र पर्व बिदा आधा दिन पनि लिन सकिनेछ र पेश्कीको रुपमा पनि लिन सकिनेछ ।

(३) उपनियम (१) बमोजिमको बिदा संचित गरी अर्को वर्ष लिन पाइने छैन ।

**(ख) घर बिदा :**

(१) पदाधिकारीले प्रत्येक वर्ष ३० दिनमा नबढाई पारिश्रमिक सहितको घर बिदा लिन पाउने छन् ।

(२) उपभोग नगरी संचित रहेको घर बिदाको हकमा पदबाट अलग भएपछि त्यस्तो संचित रहेको घर बिदा वापत निजको प्रज्ञा-प्रतिष्ठानबाट

खाईपाई आएको पारिश्रमिकको दरले हुन आउने रकम एकमुष्ट लिन पाउनेछ ।

(ग) **बिरामी बिदा** :

(१) पदाधिकारीले प्रत्येक वर्ष पारिश्रमिक सहितको १२ दिन बिरामी बिदा लिन पाउने छन् । विरामी बिदा वर्ष भुक्तान नहुँदै पनि बढीमा १२ दिनसम्म पेश्की बिरामी बिदा लिन सकिनेछ ।

(२) पदाधिकारीलाई कुनै ठूलो र कडा रोग लागि स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गरेमा निजको विरामी बिदा वा घर बिदा बाँकी रहेनछ भने एक पटकमा दुई महिनासम्म पारिश्रमिक सहितको र चार महिनासम्म बिना पारिश्रमिकको थप बिरामी बिदा पाउन सक्नेछन् । तर,

(क) पारिश्रमिक सहित थप विरामी बिदा लिएकोमा त्यस्तो थप विरामी बिदा निजको पछि पाक्ने घर बिदा र विरामी बिदाबाट कट्टी हुनेछ ।

(ख) सेवाको कूल अवधि भरमा प्रति वर्षको एक महिना भन्दा बढीको दरले विना पारिश्रमिक थप विरामी बिदा पाउने छैन ।

(ग) पदाधिकारीले पाउने विरामी बिदा संचित गर्न सक्नेछ र जुनसुकै व्यहोराले निज आफ्नो पदमा नरहेमा निजको संचित रहेको बिरामी बिदा वापत निजले पाई आएको पारिश्रमिको दरले हुन आउने रकम एकमुष्ट लिन पाउनेछ ।

(घ) **क्रिया बिदा** : पदाधिकारी आफै क्रिया बस्नु पर्दा कूल धर्म हेरी बढीमा पन्ध्र दिनसम्मको पारिश्रमिक सहितको क्रिया बिदा पाउनेछ ।

(ङ०) **प्रसूति बिदा** : महिला पदाधिकारी गर्भवती भएमा निजले सुत्केरी अघि पछि गरी बढीमा साठ्ठी दिनसम्म पारिश्रमिक सहितको प्रसूति बिदा लिन पाउनेछ ।
तर यस प्रकारको बिदा सेवा अवधि भरमा २ पटक भन्दा बढी लिन पाउने छैन ।

९. **बिदा दिने अधिकारी** :

(१) उपकुलपतिले भैपरि आउने बिदा र पर्व विदा वाहेक अन्य बिदाको स्वीकृत कुलपतिबाट लिनु पर्नेछ ।

(२) सचिवले भैपरि आउने बिदा र पर्व विदा वाहेक अन्य बिदाको स्वीकृति उपकुलपतिवाट लिनु पर्नेछ ।

(३) भैपरि आउने बिदा र पर्व बिदा पदाधिकारी आफैले लिन सक्नेछ ।

१०. **इच्छ्याएको व्यक्तिले पाउने** : यस नियमावली बमोजिम पदाधिकारीले पाउने पारिश्रमिक, औषधि उपचार खर्च, संचित घर बिदा र विरामी बिदाको रकम आदि निजले लिन नपाउँदै मृत्यु भएको रहेछ भने त्यस्तो रकम निज मृतक पदाधिकारीले कसैलाई इच्छ्याएको रहेछ भने इच्छाइएको व्यक्तिले पाउनेछ । कसैलाई पनि नइच्छ्याइएको अवस्थामा भने निज मृतकको परिवारको सदस्यहरु मध्ये सबैभन्दा नजिकको हकवालालाई दिइनेछ ।

११. **प्राज्ञ तथा सह-प्राज्ञको अन्य सुविधा** :

प्राज्ञ तथा सह-प्राज्ञहरुलाई अनुसूची-१ बमोजिमका अतिरिक्त देहाय बमोजिमको अन्य सुविधाहरु प्रदान गरिनेछ :

(क) प्रज्ञा-प्रतिष्ठानको पुस्तकालय, प्रयोगशाला र उपकरणहरुको प्रयोग गर्न पाउने छन् ।
तर यसरी प्रयोग गर्दा प्रज्ञा-प्रतिष्ठानको काम कारवाहीमा असर नपर्ने गरी मात्र प्रयोग गर्नु पर्नेछ ।

(ख) प्रज्ञा-प्रतिष्ठानका प्रकाशनहरु सौजन्यता स्वरुप प्राप्न गर्नेछन् ।

(ग) प्रज्ञा-प्रतिष्ठानको छाप (लोगो) र व्यक्तिगत नाम अंकित Letter Head को प्रयोग गर्न सक्नेछन् ।

(घ) प्राज्ञ तथा सह-प्राज्ञहरुले प्रज्ञा-प्रतिष्ठान संगठन तथा व्यवस्थापन सम्वन्धी नियमावली २०६६ को नियम २८ बमोजिमको भूमिका सक्रियता पूर्वक निर्वाह गरे वापत त्यस्तो प्राज्ञ तथा सह-प्राज्ञलाई परिषद्ले समय समयमा निर्धारण गरी दिए बमोजिमका अन्य सुविधाहरु ।

(ङ०) प्राज्ञ सभाको बैठक सम्बन्धी कार्यको लागि प्राज्ञ सभा सदस्य, व्यवस्थापन परिषदको कार्यमा संलग्न हुँदा व्यवस्थापन परिषदका सदस्य एवं प्रज्ञा-प्रतिष्ठानको कार्यमा संलग्न हुँदा प्राज्ञ तथा सह-प्राज्ञहरुलाई आवश्यकतानुसार सवारी सुविधा उपलव्ध गराइनेछ । प्राज्ञ सभा, व्यवस्थापन परिषद र प्राज्ञको बैठकमा भाग लिंदा प्राज्ञ सभा सदस्य, व्यवस्थापन परिषदका सदस्यहरु र प्राज्ञहरुलाई सवारी सुविधा उपलव्ध गराउन नसकिने अवस्था आइपरेको खण्डमा भने सवारी सुविधा वापत व्यवस्थापन परिषदले निर्धारण गरे बमोजिमको रकम उपलव्ध गराउनेछ ।

(च) नेपाल भित्र तर काठमाण्डौ उपत्यका बाहिर घर भएका प्राज्ञ सभा सदस्यहरुको हकमा प्राज्ञसभाको बैठकमा भाग लिन वा प्रज्ञा-प्रतिष्ठानको काममा काठमाण्डौ आउँदा जाँदा लागेको यातायात, खाना तथा बसोवास खर्च व्यवस्थापन परिषद्ले तोके बमोजिम उपलव्ध गराइनेछ ।

# परिच्छेद - ३
# <u>सेवा आयोग अध्यक्ष एवं सदस्यको पारिश्रमिक तथा सुविधा</u>

१२. सेवा आयोगका अध्यक्ष तथा सदस्यको सुविधा देहाय बमोजिम हुनेछः

१. **पारिश्रमिक तथा अन्य सुविधाः**
सेवा आयोगका अध्यक्ष तथा सदस्यको पारिश्रमिक तथा अन्य सुविधा व्यवस्थापन परिषद्ले तोके बमोजिम हुनेछ ।

२. **दैनिक तथा भ्रमण भत्ता :**
प्रज्ञा-प्रतिष्ठानको कार्यको सिलसिलामा नेपाल भित्र भ्रमण गर्दा अध्यक्ष र सदस्यलाई देहाय बमोजिमको दैनिक भ्रमण भत्ता एवं अन्य खर्च दिइनेछ ।

| क.सं. | सुविधा | अध्यक्ष | सदस्य |
|---|---|---|---|
| १. | (क) दैनिक भत्ता<br>(ख) होटलवास खर्च | उपकुलपति सरह<br>उपकुलपति सरह | सचिव सरह<br>सचिव सरह |
| २. | पैदल भ्रमण | एक जना भरीया खर्च | एक जना भरीया खर्च |

द्रष्टव्यः (१) दूर्गम हिमाली र पहाडी जिल्ला बाहेक अन्य स्थानको भ्रमण गर्दा कर प्रयोजनका लागि दर्ता भएका होटल बील मात्र होटलवास खर्च वापत पाउने रकमका लागि मान्य हुनेछ ।

(२) दूर्गम हिमाली र पहाडी जिल्लाहरुः दार्चुला, बझाङ्ग, बाजुरा, अछाम, जाजरकोट, रुकुम, रोल्पा, हुम्ला, मुगु, जुम्ला, कालिकोट, डोल्पा, मुस्ताङ्ग, मनाङ्ग, गोरखा (जगात उत्तर) धादिङ्ग (सेतीवास उत्तर), भोजपुर, खोटाङ्ग, ओखलढुङ्गा, सोलुखुम्बु ।

(अ) प्रज्ञा-प्रतिष्ठानको मोटरबाट भ्रमण गर्दा बील बमोजिमको इन्धन खर्च ।

(आ) रेलबाट भ्रमण गर्दा वातानुकुलियत व्यवस्था भएको ठाउँमा वातानुकुलियतको र सो नभएकोमा प्रथम श्रेणीको टिकट खर्च र वर्थ रिजर्भ गरेकोमा सो वापत लागेको खर्च ।

(इ) हवाइजहाजबाट भ्रमण गर्दा लाग्ने इकोनोमी दर्जाको टिकट खर्च ।

(ई) अन्य सवारी साधनवाट भ्रमण गर्दा लागेको खर्च ।

(उ) प्रत्येक भ्रमणको लागि फुटकर खर्च वापत अध्यक्षलाई रु. ५,०००/- र सदस्यलाई रु. ४,०००/- एकमुष्ट दिइनेछ ।

३. अध्यक्ष तथा सदस्यले प्रज्ञा-प्रतिष्ठानको प्रकाशनहरु सौजन्य स्वरुप प्रदान गरिनेछ ।

४. अध्यक्ष तथा सदस्यले नास्ट सेवा आयोगको लोगो (छाप) र व्यक्तिगत नाम अंकित लेटरहेडको प्रयोग गर्न सक्नेछन् ।

# परिच्छेद - ४
# विविध

**१३. खारेजी र बचाऊ :**

(१) नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानका पदाधिकारीहरुको पारिश्रमिक, सुबिधा एवं सेवाका अन्य शर्तहरु र प्राज्ञ सभा सदस्य, व्यवस्थापन परिषद्का सदस्य, तथा प्राज्ञहरुको बैठक भत्ता एवं सुविधा सम्बन्धी नियमावली २०५७, नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान सेवा आयोगका अध्यक्ष

तथा सदस्यको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरु सम्बन्धी नियमावली २०५७, खारेज गरिएको छ ।

(२) उप-नियम (१) अनुसार खारेज भएको नियमावली बमोजिम भए गरेका काम कारवाईहरु यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची - १

### (नियम ३ उपनियम (१), (४), नियम ४ (१) खण्ड (क), (ख) र नियम ११ संग सम्बन्धित)

| क.सं | सुविधा | ईकाई दर | उपकुलपति | सचिव | प्राज्ञ | सह-प्राज्ञ |
|---|---|---|---|---|---|---|
| १ | पारिश्रमिक | मासिक रु. | ७३,९५८।-<br>(आ.ब. ०७८/०७९ मा) | ७०,७०७।-<br>(आ.ब. ०७८/०७९ मा) | - | |
| २. | आवास सुविधाः<br>● उपत्यकामा घर नभएकालाई<br>● उपत्यकामा घर भएकालाई मर्मत संभार वापत | <br>मासिक रु.<br>मासिक रु. | <br>१५,०००/-<br>२,०००/- | <br>१२,०००/-<br>२,०००/- | <br>-<br>- | |
| ३. | टेलिफोन नियमानुसार लाग्ने जडान खर्च र टेलिफोन महशुल | मासिक रु. | ३,०००/- | १,५००/- | - | |
| ४. | बिजुली र धारा | मासिक रु. | ६००/- | ५००/- | - | |
| [२]३. | (क) दैनिक भत्ता<br>(ख) होटलवास खर्च (स्वदेश भ्रमणमा जाँदा) | दैनिक रु.<br>दैनिक रु. | ५०००/-<br>(होटलबास सहित विल भरपाई नचाहिने ।) | ४५००/-<br>(होटलबास सहित विल भरपाई नचाहिने ।) | ४५००/-<br>(होटलबास सहित विल भरपाई नचाहिने ।) | ४०००/-<br>(होटलबास सहित विल भरपाई नचाहिने ।) |
| ४. | लुगा भत्ता (विदेश भ्रमणमा जाँदा)<br>तर यस प्रकारको भत्ता तीन वर्षमा एक पटक मात्र पाइनेछ । | प्रत्येक तीन वर्षमा एक पटक | एक महिनाको तलव वरावरको रकम | एक महिनाको तलव वरावरको रकम | X | |
| ५. | पैदल भ्रमण (स्वदेश भ्रमणमा जाँदा) | - | एकजना भरिया खर्च | एकजना भरिया खर्च | एक जना भरिया खर्च | |

द्रष्टव्यः (१) दूर्गम हिमाली र पहाडी जिल्ला बाहेक अन्य स्थानको भ्रमण गर्दा कर प्रयोजनका लागि दर्ता भएका होटल बील मात्र होटलवास खर्च वापत पाउने रकमका लागि मान्य हुनेछ ।

(२) दूर्गम हिमाली र पहाडी जिल्लाहरुः दार्चुला, बझाङ्ग, बाजुरा, अछाम, जाजरकोट, रुकुम, रोल्पा, हुम्ला, मुगु, जुम्ला, कालिकोट, डोल्पा, मुस्ताङ्ग, मनाङ्ग, गोरखा (जगात उत्तर) धादिङ्ग (सेतीवास उत्तर),भोजपुर, खोटाङ्ग, ओखलढुङ्गा, सोलुखुम्बु ।

## अनुसूची - २

### (नियम ४ को उप-नियम २ को खण्ड (क) संग सम्वन्धित)

| क.सं. | पदाधिकारी वा प्राज्ञ | विदेश भ्रमण गर्दा पाउने दैनिक भत्ता (अमेरिकी डलर)* |
|---|---|---|
| १. | उपकुलपति | १९५.०० |
| २. | सचिव | १८५.०० |
| १. | प्राज्ञ | १८५.०० |
| २. | सह-प्राज्ञ | १७५.०० |

* तर भारतको चेन्नई, हैदरावाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकाता र बंगलादेशको ढाका र चटगाउ बाहेक अन्य स्थानमा रात बिताउनु पर्दा माथि उल्लेखित दरको ५०% रकम मात्र दिइनेछ ।

[२] दोस्रो संशोधनबाट संशोधित